# तिलोत्तमा नगरपालिका कार्यालय

रुपन्देही

## प्रस्ताव आव्हानको सूचना

**(सूचना प्रकाशित मिति ०७३।११।२७)**

तिलोत्तमा नगरपालिकाको परिषदवाट स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिकाको अगुवाई र नगर विकासका साझेदार र सरोकारवालाको सक्रिय संलग्नतामा सहभागितामूलक तरिकावाट सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालयवाट प्राप्त TOR (Term of Reference ) मा उल्लेख भए वमोजिम समग्र तिलोत्तमा नगरपालिकाको एकीकृत सहरी विकास योजना तर्जुमा गर्न लागिएको छ । एकीकृत सहरी विकास योजना तर्जुमा गर्दा जलवायु परिवर्तन अनुकुलन, वातावरण संरक्षण, विपद जोखिम न्यूनीकरण, फोहोरमैला व्यवस्थापन, वालमैत्री स्थानिय शासन र क्षमता विकास, सामाजिक सदभाव, लैङ्गिक समता र सामाजिक समावेशीकरण र जवाफदेहिता आदी जस्ता विषयगत क्षेत्रहरुलाइ योजना तर्जुमा प्रकृयामा साझा सवालको रुपमा समावेश गरी योजना तर्जुमा गरिनेछ । सम्वन्धित विषयगत क्षेत्रमा अनुभव भएका योग्य व्यवसायी फर्म/ परामर्शदातावाट प्राविधिक तथा परामर्श सहयोगमा एकीकृत सहरी विकास योजना तर्जुमा गरिनेछ । यस नगरपालिकाको एकीकृत सहरी विकास योजना तर्जुमा प्रकृयामा प्राविधिक सहयोग तथा परामर्श सेवा प्राप्त गर्न सम्वन्धित विषयगत क्षेत्रमा अनुभव भएका इच्छुक पेशागत दक्षता तथा अनुभव भएका व्यवसायी फर्म/ परामर्शदाता संस्थावाट देहाय अनुसार तोकिएको ढाँचामा आशयपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएकोछ ।

१ आशयपत्रको ढाँचा यस कार्यालयवाट संकलन गर्न सकिनेछ ।

२ इच्छुक योग्यता पुगेका संस्थाले तोकिएको ढाँचामा आशयपत्र निम्नानुसारको कागजात सहित गर्नु पर्नेछ ।

(क) आशयपत्र पेश सम्वन्धि आवेदन

(ख) संस्थाको विस्तृत विवरण (दर्ता, नवीकरण, भ्याट/ पान दर्ता र कर चुक्ता दस्तावेज/ प्रमाणपत्र ) ।

(ग) संस्थाको प्रोफाइल तथा कामको अनुभव ।

(घ) संस्थाको भौतिक पूर्वाधार तथा उपकरणहरुको विवरण (GIS Software सहित) ।

(ङ) संस्थाको विगत ३ वर्षको वित्तीय कारोवार सम्वन्धि विवरण ।

(च) संस्थाको कालो सूचीमा नपरेको स्वघोषित पत्र ।

(छ) एकलको हकमा विगत ५ वर्षमा सम्पन्न गरेको तथा दुई वा दुई भन्दा वढी फर्म वा कम्पनीले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिनेको हकमा संयूक्त उपक्रममा भाग लिने मुख्य फर्म वा कम्पनीले विगत ५ वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण तथा निजको वैयक्तिक विवरण ।

(ज) संस्थाको प्रमुख कर्मचारी तथा आवद्ध पेशागत विज्ञहरुको व्यक्तिगत विवरण (CV) तथा कार्य अनुभवको क्षेत्र ।

३ इच्छुक आवेदक संस्थाले आशय पत्र सम्वन्धि कागजात विस्तृत अध्ययन गरी उल्लेखित विवरणहरु भरी आवश्यक कागजात संलग्न गरी शिलबन्दी गरी खामको वाहिर नाम, ठेगाना, फोन नं. र विषय उल्लेख गरी यस कार्यालयमा पेश गर्नुपर्नेछ । रीत नपुगेको, म्याद नाघि आएको, सहिछाप र सिलबन्दी नभएको र कुनै शर्त उल्लेख भई आएको तथा यस सूचना सम्वन्धि कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको आशयपत्र उपर कुर्न कार्वाही हुने छैन ।

४ आशयपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा आशयपत्र दर्ता गराइसक्नु पर्नेछ र यसरी दर्ता भएका आशयपत्रहरु सोही दिन दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ । उक्त दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो विदाको गलतै कार्यालय खुलेको दिनमा दर्ता गर्ने र खालिने कार्य गरिनेछ । म्याद र समयभित्र दर्ता हुन आएको आशय पत्र तिलोत्तमा नगरपालिका कार्यालयको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । आशयपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि आशयपत्र खोल्न कुर्न वाधा पर्ने छैन ।

५ आवेदक संस्थाको आधिकारिक कागजात तथा प्रमाण, कार्य अनुभव र आर्थिक, भौतिक तथा मानवीय संसाधनको अवस्थालाई आधार मानी संक्षिप्त सूची तयार गरिनेछ ।

६ आशयपत्र मूल्यांकनका आधारमा आवेदक संस्थाहरुको संक्षिप्त सूची तयार गरी मूल्यांकनको माथिल्लो श्रेणीमा रहेका कम्तीमा ३ देखि ६ वटा संस्थाहरुलाई मात्र प्राविधिक तथा आथिृक प्रस्तावको लागी आमन्त्रण गरिनेछ ।

७ आशयपत्र एकल वा संयुक्त रुपमा समेत पेश गर्न सकिनेछ । संयुक्त उपक्रमका लागी आशयपत्र पेश गर्न ईच्छुक आवेदकले आशयपत्र पेश गर्दा मुख्य भई काम गर्ने प्रमुख संस्था खुलेको विवरण तथा संयुक्त उपक्रमको रुपमा कार्य गर्ने सम्वन्धि सम्झौताको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

८ यस आशयपत्र आह्वान सम्वन्धि सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम हुनेछ ।

९ अन्तिम प्रतिवेदन मिति २०७४ आषाढ १५ गते भित्र अनिवार्य पेश गर्नु पर्नेछ ।

१० स्विकृत गर्ने वा नगर्ने सम्पूण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११ यस शर्त र बन्देजभित्र नपरेका कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

१२ विस्तृत जानकारीका लागि न.पा. कार्यालयमा कार्यालय समय भित्र राख्न सकिनेछ ।

(कार्यकारी अधिकृत)

मोहन पौडेल

कार्यकारी अधिकृत